नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित ।

खण्ड १४] काठमाडौं वैशाख २९ गते २०२१ साल [संख्या ५

श्री ५ को सरकार

अर्थ मन्त्रालय

विभिन्न माल अड्डाहरूबाट बांध पैन तथा कृषि उन्नतिको लागि र अन्नाभावका बखतमा नगदी जिन्सीहरू अधिदेखि सर्वसाधारण जनतामा सापटी (कर्जा) गैरहेको असूल उपर गर्नको निमित्त सो सम्बन्धी सनद सवाल आदेशहरू खारेज गर्नु वाञ्छनीय भएकोले श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको सापटी (कर्जा) बारेको सवाल सनद आदेश खारेज गर्ने नियमहरू २०२० सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः–(१) यी नियमहरूको नाम सापटी (कर्जा) बारेको सवाल–सनद, आदेश खारेज गर्ने नियमहरू २०२० रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. माल अड्डाहरूबाट सापटी (कर्जा) गएको असूल उपर गर्नेः– माल अड्डाहरूबाट सर्वसाधारण जनतामा बखत बखतमा नगदी जिन्सी सापटी (कर्जा) गैरहेकोमा त्यस्तो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सापटी गएको कूल अंकको तीन खण्डको हिसाबले तीन वर्षभित्रमा प्रत्येक वर्ष एक किस्ता (एकखण्ड) असूल उपर गरिने ।

तर त्यस्तो किस्ताबन्दीको रकम (नगदी वा जिन्सी) प्रत्येक वर्षको मार्ग महीनादेखि सोही वर्षको माघ मसान्तसम्ममा असूल उपर गरिने छ ।

३. कर्जा लगानीबारेको सवालसनद, आदेशहरूको खारेजी:– कर्जा लगानीबारेको यस अघि भैरहेका सवाल सनद, आदेशहरू सबै खारेज गरिएका छन् ।

आज्ञाले–
(डा. यादवप्रसाद पन्त)
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।